# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक २४, २०७८ पौष १३ मंगलवार (Jhuleni Post Weekly) 28 Dec. 2021 पृष्ठ ८, मुल्य रु. २० साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, बिजुवार

Email : jhulenipyuthan@gmail.com


# प्यूठानमै खुल्यो प्याड उद्योग



सुजाता थापा क्षेत्री

झुलेनी पोष्ट

प्यूठान जिल्लामै सेनिटरी प्याड उद्योग खुलेको छ । प्यूठान नगरपालिका ३, राताමාटामा किशोरी सेनिटरी प्याड उद्योग सञ्चालनमा ल्याइएको ब्यवसायी इन्दिरा पोखेलले बताइन् । 'गतवर्षदेखि नै उद्योग सञ्चालनको लागि तयारी गरेकी हुँ' सञ्चालक पोखेलले भनिन्, 'लकडाउन भएका कारण कच्चा पदार्थ किन्न नपाउँदा ढिलो भयो ।' उनका अनुसार यो उद्योग २०७८ असौज महिनाबाट सञ्चालनमा छ। रातामाटामा स्थापना गरीएको उद्योगमा २५ लाख रुपैयाँ लगानीमा स्थापना गरीएको उनले बताइन् ।उद्योगका लागि मेसिनरी सामान भारतको नयाँ दिल्लीबाट ल्याइएको छ । कच्चा पदार्थ चिनबाट ल्याउने गरेको उनले बताइन् । उद्योगबाट अटोमेटिक सेनिटरी प्याड मेकिङ मेसिनले प्रति मिनेट ६० वटा सम्म प्याड उत्पादन गर्न सक्छ । उद्योग सञ्चालन गरेको ३ महिनामै आफू व्यवसाय सञ्चालनमा उत्साहित भएको उनले झुलेनी पोष्टसँगको कुराकानीमा बताइन् । 'उद्योग चलाएको ३ महिनामा करिब २ लाख ५० हजारको कारोवार भयो', उनले भनिन्, 'हालसम्म ३ हजार पिस विक्रि भइसकेको छ ।' उद्योगबाट बिक्रिका लागि १५ हजार पिस सेनिटरी प्याड तयारीमा छन् । प्याड सुरक्षित बनाउनका लागि हानिकारक व्याक्टेरीया मार्ने र ढुसि रहित बनाउने कामका लागि स्ट्रेलाइजर मेसिन प्रयोगमा रहेको छ । प्याड प्याकिङ गर्नका लागि मेनुअल प्याकिङ मेसिन समेत राखेकी छिन् । प्याड बनाउन नन ओभन, स्याप सिट (कपास), ब्याक सिट, गम पेपर, रिलिज पेपर लगायतका कच्चा पदार्थ प्रयोग गरीदै आएको छ । प्याकिङ गर्नको लागि प्याकिङ प्लास्टिक समेत आवश्यक पर्छ । उद्योगबाट बिभिन्न ४ साइजमा ३ सय २०, ३ सय, २ सय ओसी र २ सय ४० एम.एम.को साइजमा प्याड उत्पादन हुँदै आएको छ। उद्योगमा आफूसँगै अन्य ४ महिलाले रोजगार पाएको सञ्चालक पोखेलले बताइन् । उद्योग सञ्चालनका लागि पोखेलले भारतको नयाँ दिल्लीमा एक हप्ताका तालिम लिएकी हुन् । तालिम लिदाका बखत यातायात र आवासिय खर्च गरि ५० हजार भारतिय रकम खर्च भएको बताइन् ।बिभिन्न गैर सरकारी संघ संस्थामा काम गरेकी उनले जागीर गर्दा काम बढी र तलव थोरै हुने भएकाले नयाँ व्यवसायको सोंच बनाएर ब्यवसाय थालेको बताइन् । प्याड खरीद गर्नका लागि प्यूठान सहित रोल्पाबाट माग आएको उनले बताइन् ।

## हाम्रो नजर

# माण्डवीले थाल्यो फोहोर उठाउन



माण्डवी गाउँपालिका प्यूठानले चकचके बजारमा फोहोर उठाउन पठाएको ट्याक्टर

*माण्डवी गाउँपालिका प्यूठानले फोहोर उठाउने काम थालेको छ । गाउँपालिकाको बजार क्षेत्रमा फोहोर उठाउन थालेको हो । गाउँपालिकाले फोहोर उठाउन थालेको करिब २ हप्ता पुगेको छ । गाउँपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिका क्षेत्रका बजारवासीले बजार क्षेत्र सरसफाइका लागि सुझाव दिएका थिए । सोहि सुझाव बमोजिम कार्यान्वयन गर्ने प्रतिवद्धता बमोजिम पालिकाले सरसफाई अभियानसँगै फोहोर उठाउन थालेको हो । गाउँपालिकाको प्रयोजनका लागि खरिद गरीएको ट्याक्टरबाट पालिकाले फोहोर उठाउन थालेको हो ।*

*गाउँपालिका क्षेत्रको देविस्थानदेखि जस्पुर बजारसम्म फोहोर उठाउँदै आएको छ । हरेक १ दिन अन्तरमा पालिकाले बजार क्षेत्रमा फोहोर उठाउँदै आएको हो । गाउँपालिका मध्ये फोहोर उठाउने कार्य गर्ने माण्डवी गाउँपालिकावासी खुसी भएका छन् । जिल्लाका अन्य गाउँपालिकाले फोहोर उठाउन भनेपनि अहिलेसम्म कसैले पनि कार्यान्वयन गरेका छैनन् । कोहिँले सुरु गरेको भएपनि निरन्तरता दिएका छैनन् । निर्वाचित जनप्रतिनिधि महँगा गाडीमा सवार हुने गरेपनि माण्डवी गाउँपालिकाले थालेको यो अभियानमा सबैले पाठ सिक्नु आवश्यक देखिन्छ ।*

# संघको गतिविधि भन्दा चुनावको चासो



प्यूठान उद्योग  वाणिज्य संघको २४ औं साधारण सभाको हल र मतदानमा होमिएका व्यवसायी

*प्यूठान उद्योग वाणिज्य संघ प्यूठानको २४ औं साधारण सभा तथा ११ औं अधिवेशन शनिवार जिल्ला समन्वय समितिको सभाहल खलंगामा चलीरहेको थियो। हल भित्र सभा चलिरहेको थियो भने हल बाहिर मतदान। संघको पदाधिकारी चयनका लागि निर्वाचन भइरहेको थियो हल बाहिर । संघका गतिविधि प्रगति रप्रतिवेदन हलभित्र प्रस्तुत भइरहेको थियो । तर यहाँ आएका ब्यवसायीलाई हलभित्र भन्दा पनि हल बाहिर मतदानमा चासो थियो । हल खाली जस्तै देखिन्थ्यो भने मतदानमा खचाखच लामबद्ध थिए ।*

*जिल्लाभरका ब्यवसायीहरुको छाता संगठनको साधारण सभा तथा अधिवेशनमा मतदान बाहेक वार्षिक गतिविधिहरुमा चासो नहुनु अचम्मको विषय थियो। अधिवेशनका लागि दुई प्यानल बनाएर भिडेका ब्यवसायीहरुको चुनावी प्रचार पनि भड्किले देखिन्थ्यो। संघका गतिविधिमा भन्दा पनि आफू समर्थित उम्मेद्वारलाई जिताउनका लागि चनाखो देखिन्थे यहाँ आएका मतदाता व्यवसायीहरु। संघका वार्षिक गतिविधिमा चासो राख्नु, सल्लाह सुझाव दिनु, प्रस्तावित बुँदाहरुमा राय राख्नु मतदाताको अहम भूमिका हुने भएपनि त्यस्तो गरीएको देखिएन। संघका गतिविधिमा अरु बेला बिना प्रसङ्ग आवाज उठाउनुभन्दा संघले सञ्चालन गरेको सभा र बन्द सत्रमा आवाज उठाउनु जरुरी हुन्छ भने संघका हरेक गतिविधिमा चासो राख्ने आम मतदाता व्यवसायीको हक हुन्छ ।*

## जीवनको रङ्ग

# हस्तकलाका सामग्रिबाटै आत्मनिर्भर गुमानसिंह

सुजाता थापा क्षेत्री

झुलेनी पोष्ट

प्युठान नगरपालिका-४, जुम्री बसपार्कमा गुमानसिंह घर्ती मगरको हस्तकला उद्योग छ । बाँसबाट निर्मित हस्तकला सामग्री देख्दा नै किनु किनु लाग्छ यहाँ पुगेपछि। पुर्ख्यौली पेसा बाँसबाट बन्ने डोको, डालो, नाङ्लो, मान्द्रो आदि बनाउँदै आएका उनले कलात्मक सामग्रि बनाउन थालेको १६ वर्ष पुगिसकेछ। गुमानसिंहले यहाँ विजय बाँस हस्तकला उद्योग सञ्चालनमा ल्याएका हुन् ।



प्यूठान न.पा.-३,जुम्रि स्थित विजय बाँस उद्योगमा काम गर्दै गुमानसिंह घर्तिमगर

यस उद्योगबाट फोटो फ्रेम, चुरी स्ट्यान्ड, भाँडा राख्ने र्‍याक, मेक अपका सामन राख्ने टोकरी, कलम/पेन्सिल राख्न मिल्ने भाँडा, फुल सजावटका लागि प्रयोग गरिने गमला, मन्दिर, लकेट (चाबी राख्ने), क्यास ट्रे (चुरोट निभाउने) लगायतका घर सजावटका सामग्रीहरु बनाउदै आएका छन् । यहाँबाट उत्पादित सामग्रीहरु घर्तिले पसलबाटै फुटकर र किराना स्टोर पसलहरुमा थोक बिक्रि समेत गर्दै आएका छन् । उद्योगमा कच्चा पदार्थको प्रमुख स्रोत लेकाली बाँस हो । बाँस उनले गाउबाट किनेर ल्याउने गर्दछन । जोड्नका लागि फेविकल, सुलोसन जिल्लाकै बजारबाटै किन्दै आएका छन् । 'परम्परागत रुपमा प्रयोग हुने सामग्रि भन्दा कलात्मक सामग्रि बनाउने रहर लागिरहन्थ्यो', उनले भने, 'घरेलु तथा साना उद्योगले तालिम दिएपछि रहरसँगै ब्यवसायिक बन्न पुगे ।' उनका अनुसार घर्तिले २०६२ सलमा बाँसका सामग्री बनाउने निशुल्क तालिम पाएका हुन् । सुरुमा १५ हजार रुपैयाँ लगानीमा सुरु गरेको उद्योगले खुसीसँगै आम्दानी

बाँकी ६ पेजमा.....

झुलेनी पोष्ट

सम्पादकीय ....

## जनताका एजेण्डा छोड्दै माओवादी

*माओवादी केन्द्रले आफ्नो आठौं राष्ट्रिय महाधिवेशन आइतबारदेखि आयोजना गरीरहेको छ । महाधिवेशनले माओवादी पार्टीलाई कतातिर लैजाला भन्ने धेरैले अनुमान लगाइरहेका छन् । संसदीय पार्टी बन्ने वा ' क्रान्तिकारी' पार्टी बन्ने भन्ने दोधारमा रहेको बेला आयोजित राष्ट्रिय सम्मेलनको आयोजना गरी रातारात महाधिवेशनमा गर्न लागेको छ । संसद्मा तेस्रो ठूलो राजनीतिक दलका रुपमा रहेको माओवादी केन्द्रले संसदीय व्यवस्थाभित्र रहँदै क्रान्ति गर्ने भन्ने कुरा छोड्न सकेको छैन । आफ्नो उपस्थिति एकातिर र भनाइ अर्कोतिर हुने गरिरहेको यसले माओवादी केन्द्र दुविधाको अवस्थामा पुगेको छ । आम जनता र उसका मतदाताहरु पनि यहि विषयमा आशंका गर्दै आएका छन् । माओवादीले जेसुकै भए पनि आमजनताको पक्षमा समर्पित हुने एजेन्डा बोकिरहेपनि ति एजेण्डाहरु छोड्दै गएको देखिन्छ ।*

*नयाँ क्रान्तिकारी विचार निर्माणको कुरा अहिले माओवादीले गरिरहेको छ । अर्कोतिर क्रान्तिकारी पार्टी निर्माणको कुराको उठान पनि गरिरहेको छ । यसले पनि माओवादी अब सदाका लागि संसदीय पार्टी बनिरहने हो कि भनी आशंका गरिरहेका बीच थप आशंकामा ल्याइदिएको छ । जनतामा अझै पनि माओवादीले बोल्ने गरेको कुरा र व्यवहारमा देखाउने विषय फरक फरक छन् । महाधिवेशन सम्पन्न हुन बाँकी हुँदै गर्दा माओवादीले आफूहरू आमूल रूपमा परिवर्तन हुने र देश तथा जनतालाई केन्द्रबिन्दुमा राखेर अगाडि बढ्ने भन्न छोड्न सकेको छैन ।*

*यसले लिने विचार, नीति तथा कार्यक्रम अहिलेको व्यवस्था र सरकारसँग विसंगतिपूर्ण हुने खालको हुनुहुँदैन । माओवादी केन्द्रले आफ्नो पार्टीका नेता तथा कार्यकर्तालाई सान्त्वना दिन जेजस्ता कुरा ल्याउने र प्रचार गरिरहेको छ । त्यसले सार्थकता पाएमा कार्यकर्ताहरूमा पनि छुट्टै उत्साहको सञ्चार पलाउन सक्छ तर उसका एजेण्डाहरु तोडिदै र छोडिदै गएकाले विश्वास गर्न छाडेका छन् । यस्तो बेलामा माओवादी केन्द्रका लागि क्रान्तिकारी रूपान्तरण नभई संसदीय रूपान्तरण हुने नै बढी सम्भावना रहेको छ। संसदीय रूपान्तरण भयो भने पनि सो दलले नैतिकता इमानदारिता र विगतमा लिएका जनताका एजेन्डालाई आत्मसात् गर्दै अगाडि बढ्न सक्नुपर्छ ।*

# सत्ता गठबन्धन हल्लाउँदै एमसिसी



**डा. सुरेश आचार्य**

नेपालले यसै महिनाको अन्त्यसम्ममा अनुदानका रूपमा आएको अमेरिकी सहयोग लिने वा नलिने भन्ने विषयमा निर्णय गरिसक्नुपर्नेछ। यो निर्णय भनेको सरकारले गेरमात्र पुग्दैन, होइन, हुँदैन नै । प्रतिनिधिसभाले नै यसलाई स्वीकृत वा अस्वीकृत गर्नुपर्छ। २०७४ सालमा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा यो सम्झौता भएको हो र यसलाई संसद् बाट अनुमोदन गराउने सर्त केपी ओली सरकारले थपेको हो। सम्झौताको प्रारम्भिक चरणमा संसद्बाट अनुमोदन गराउनुपर्ने प्रावधान थिएन। सबैलाई थाहा भएको यो सम्झौता भनेको एमसिसी भनेर बहुचर्चित मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) सँग विद्युत् प्रसारण लाइन र सडक मर्मतका लागि लिन लागिएको ५० करोड अमेरिकी डलर बराबरको अनुदान हो।

एमसिसीले नेपाली राजनीतिलाई निकै प्रभावित गरेको छ। केपी ओली सरकारले यसलाई पारित गर्ने अभिप्रायले संसद्मा प्रस्तुत गरिसकेको थियो। तर अपेक्षित समयमा यो सम्झौता संसद्मा छलफलमा नल्याएका कारण तत्कालीन सभामुख कृष्णबहादुर महरा महिला काण्डको सिकार बन्नुपऱ्यो। यो सम्झौता संसदमा अझै अल्झाएर राख्न सक्ने देखेर उनै ओलीले अग्नि सापकोटालाई सभामुख हुन नदिन धेरै प्रयत्न गरे। अहिले यो सम्झौता पारित गर्ने वा नगर्ने विषयले सत्तारुढ गठबन्धनको निरन्तरता रहने वा नरहने भन्ने निर्धारण गर्ने खतरा बढ्दै गएको छ। यो भनेको सभामुखको पद पनि धरापमा पर्ने हुन सक्छ। अहिले पनि यो सम्झौतालाई कथित राष्ट्रियता र स्वाभिमानसँग जोडेर पारित हुन नदिन संसद् र सडकमा खेल चलिरहेकै छन्।

यो खेलमा सत्तारुढ दल नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एसका अध्यक्ष माधव नेपाल चेपुवामा परेको अनुभव गरिरहेका छन्। उनीहरू दुवैका लागि यो सम्झौता पारित गर्दै गर्दा 'राष्ट्रघाती' हुनुपर्ला भन्ने चिन्ता छ। सरकारमा रहेका दलबीचको गठबन्धन टुट्ला र फेरि सडकको बास होला भन्ने त्रास पनि छ। तर प्रधानमन्त्री शेरबहादुर देउवा आफ्नै सरकारले हस्ताक्षर गरेको यो सम्झौता पारित गराउनैपर्ने नैतिक दबाबमा छन् र जुनसुकै मूल्यमा पारित गराउने मनस्थितिमा देखिएका छन्।

अघिल्लो निर्वाचनका बेला नेपालमा सबै भन्दा राष्ट्रवादी देखिएको कोही थियो भने केपी ओली नै थिए। उनै ओलीले यो सम्झौता पारित गराउन संसद्मा पेस गरेकामात्र थिएनन्, सार्वजनिकरूपमा यसको पक्षमा लामो वकालत पनि गरेका थिए। त्यतिबेला अर्थात् २०७६ माघ १५ मा उनले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठक उद्घाटनका अवसरमा यस विषयमा लामो मन्तव्य दिँदै सारमा भनेका थिए- वास्तवमा यो धेरै विवाद गरिरहनुपर्नेखालको विषय होइन। यो अनुदान सहायता हो। ५५ अर्ब रुपियाँ रकम नेपालले सहायतामा प्राप्त गरेको छ र यसमा नेपाललाई होच्याउने, अपमान गर्ने कुरा केही छैनन्। यो कुनै अर्को कुरासँग सम्बन्धित पनि छैन। हामीले जुन सम्झौता गरेका छौँ, यससँग मात्रै यो सबन्धित हो। ५ वर्षभित्र यो कार्यक्रम पूरा गरिसक्नुपर्छ। पूरा भएन भने रकम फिर्ता हुन्छ। अनि कार्यक्रम जहाँ पुगेको छ, त्यहीँ समाप्त हुन्छ। सम्झौता पनि त्यहीँ टुंगिन्छ।

यो ५ वर्षको अवधिका लागि हो, त्यसभन्दा यतै कार्यक्रम टुंगियो भने कार्यक्रम टुंगिदा यो सकिन्छ, टुंगिएन भने पनि ५ वर्षभित्र यो कार्यक्रम जहाँ पुग्यो, त्यहीं त्यत्तिकैमा समाप्त हुन्छ र यो सम्झौता पनि त्यत्तिकैमा टुंगिन्छ। यसको अरू कुरासँग कुनै सम्बन्ध छैन। एमसिसीलाई प्रष्ट्याउन ओलीले गरेको यो लामो भाषण गरिरहँदा आजका सत्तारुढ दल नेकपा माओवादीका अध्यक्ष प्रचण्ड र नेकपा एसका अध्यक्ष माधव नेपाल त्यही बैठकमा उपस्थित थिए। आज पनि एमसिसीलाई अड्काएर सरकारलाई बदनाम गराउन यिनै तीन नेता लागेका अनुभूति आमनागरिकले गर्दैछ भने यो अन्यथा होइन। एमसिसीका बारेमा केपी ओली जति प्रष्ट अरू कोही नेता छैन भन्ने उनको त्यो भाषणले पुष्टि गर्छ। तर यतिबेला उनी सम्झौता ठीक वा बेठीक नभनेर सरकारले निर्णय गरोस् भनिरहेका छन्। यही शनिबारमात्र उनले विराटनगरमा पत्रकारहरूलाई एमसिसीबारे सरकार प्रष्ट हुनुपर्ने बताए। यसको अर्थ एमसिसीमा सरकार प्रष्ट छैन भन्ने होइन, गठबन्धन टुटाउने वा कायम राख्ने भन्ने कुरामा प्रधानमन्त्री प्रष्ट हुनुपर्छ भन्ने हो। नेकपा एमालेले अहिले एमसिसीका विषयमा आफूलाई दुइटा धारमा उभ्याएको छ। पहिलो धार भनेको यही विवादका कारण यो गठबन्धन टुटोस् र सरकार निर्वाचनमा जान बाध्य हुने अवस्था सिर्जना होस्। यो परिस्थिति सिर्जना हुने अवस्था देखिएमा एमसिसी पास गर्न उसलाई कुनै आपत्ति छैन। दोस्रो धार भनेको यो सरकारले निरन्तरता पाउँछ भने संसद्मा यो विषयमा छलफल नै नभई पारित होस्, त्यो पनि होहल्लाका बीचमा पारित होस्। त्यसकारण एमाले अहिले संसद्मा कायम राखेको अवरोधलाई कुनै हालतमा निरन्तरता दिन चाहन्छ। सत्तारुढ गठबन्धनबीचको सहमतिमा एमसिसी पारित भयो भने यो सम्झौता आफूले पास नगरेको भनेर निर्वाचनमा फेरि राष्ट्रवादी हुन सकिने सपना ओलीले देखेका छन्। यद्यपि, उनको पार्टी एमाले एमसिसीबारे कस्तो धारणा राख्थ्यो भनेर आमनागरिकमा प्रष्ट गर्न उनले हिजो बोलेका उनकै आवाज काफी छन्। गठबन्धन टुट्यो भने प्रचण्ड र माधवको कस्तो दुर्गति हुनसक्छ भनेर ओलीलाई राम्रैसँग थाहा छ। त्यसैले उनी एमसिसीका नाममा आफू विजेता देखिने खेलमा लागेको प्रष्टै छ। ओलीसँग यतिबेला हिजोका वचनको पालना भन्दा पनि अहिलेको प्रतिपक्षको भूमिका निर्वाह गर्ने मौका छ। उनलाई यो सम्झौता पारित हुनु नहुनुसँग सरोकार छैन, केवल आफ्नो रणनीति असफल हुन नदिने चासोमात्र छ।

यो सम्झौता अध्ययन गर्ने सबैलाई थाहा छ कि यो असमान छैन किनभने सम्झौताको दफा ५(१) अनुसार यो सम्झौता नेपालले आफ्नो राष्ट्रिय हितमा भएन, यो कार्यान्वयन भएपछि धेरै विवाद उत्पन्न भए, हाम्रो हित हुँदैन भन्ने लागेमा ३० दिनको लिखित सूचना दिएर कुनै पनि समय सम्झौता रद्द गर्न सक्छ। एमसिसी सम्झौतामा नेपालको राष्ट्रियता, सार्वभौम स्वतन्त्रतामा आँच आउने विषय पनि छैन। एमसिसी लागु भएपछि यस विषयमा उठेको विवाद समाधान गर्दा नेपाल एवं अमेरिकी दुवै देशको कानुन लागु नभई अन्तर्राष्ट्रिय कानुन लागु हुने भनिएको छ। यो प्रावधानले नेपाल र अमेरिकाको समान हैसियत कायम गरेको छ। जहाँसम्म अमेरिका र नेपालबीच भएको एमसिसी सम्झौताको कार्यान्वयनका लागि भारत सरकारको पूर्वसहमतिको प्रश्न हो, त्यो नेपालले सीमामा जोड्ने प्रसारण लाइनलाई भारतमा लैजाने व्यवस्थाका लागि हो। यो सहमतिसमेत भारतले दिइसकेको छ।

यो सम्झौता सडक र विद्युत् प्रसारण लाइनबाहेक अन्यत्र सम्बन्धित नै छैन। एमसिसी सम्झौतामा नै चार क्षेत्रमा लगानी गर्न नपाउने प्रष्ट उल्लेख छ। त्यो भनेको पहिलो, सैनिक/अर्धसैनिकका कुनै पनि गतिविधि र कारबाहीमा, दोस्रो अमेरिकाको अन्तर्राष्ट्रिय रोजगार बजारमा असर पुग्ने गरी लगानी गर्न, तेस्रो, नेपालको पर्यावरणमा असर पुग्ने र चौथो, गर्भ पतन। अमेरिकी सरकारले गर्भ पतनलाई निषेध गरेको छ। यी चार क्षेत्रमा एमसिसीको पैसा लगानी गर्न पाइँदैन। सम्झौतामा सेना ल्याउने कुरा कहीँ कतै उल्लेख छैन। यति कुरा सामान्य नागरिकले पनि बुझेको छ र सरकारले बुझाउन नसकेको भन्ने पनि होइन। यसलाई अतिरञ्जित गरेर तथाकथित अमेरिकी सम्राज्यवादको विरोध गर्ने कम्युनिस्ट मनोविज्ञान यसको विपक्षमा जनमत बनाउने प्रयत्नमा लागेकोमात्र हो। सत्तारुढ माओवादी र एस पार्टी कम्युनिस्ट नाम हुनुका कारण यसमा दिग्भ्रमित भइरहनुपर्ने पनि कुनै कारण छैन। सम्झौतामा नलेखिएका कुरालाई मनगढन्ते शैलीमा जे दुष्प्रचार गर्न खोजिएको छ, सत्तारुढ दलको नेताका हैसियतमा त्यसलाई चिर्ने कि अमेरिकी दबाब र प्रभावमा परेर कुनै निर्णय गरिँदैन भनेर कार्यकर्तालाई अझै आफैँ उराल्ने ? अथवा सत्तारुढ गठबन्धन टुटाउन दक्षिणपन्थी र विदेशी तत्व लागे भनेर आफैँ सार्वजनिक अभिव्यक्ति दिँदै गर्दा कतै यसको कारण म आफैँ बनिरहेको त छैन भनेर पनि हेर्ने? एमसिसीका सन्दर्भमा अहिलेको प्रश्न भनेको ओली कति इमान्दार हुन्छन् वा हुँदैनन् भन्ने होइन, प्रचण्ड र माधव सरकारमा रहेर जिम्मेवारी पूरा गर्न कति खुला हृदयका साथ लाग्छन् भन्ने हो। प्रतिपक्षमा रहनुका कारण ओलीले जुन छूट पाएका छन्, त्यो छूट माधव वा प्रचण्डलाई छैन, रहँदैन। निर्णय गर्नेबेलामा हात खुट्टा कमाउने अनि सत्ताको साँचोचाहिँ हातबाट नखुस्कियोस् भन्ने कुरा कति सम्भव होला? संसदीय राजनीतिको लामो अनुभव बटुलेका माधव नेपाल र दुईपटक प्रधानमन्त्री भइसकेका प्रचण्डलाई यति पनि अनुमान नहोला भनेर कसरी विश्वास गर्ने?

नागरिक दैनिकबाट साभार

# माओवादीको राष्ट्रिय सम्मेलनबाट जनअपेक्षा



गंगा पन्थी

यतिबेला देश राजनीतिक दलहरूको महाधिवेशन र राष्ट्रिय सम्मेलनमय बनेको छ। केही समय पहिले देशको ठूलो दल नेकपा एमालेको दशौं महाधिवेशन चितवनमा सम्पन्न भयो भने नेपाली कांग्रेसको चौधौं महाधिवेशन पनि भर्खर काठमाडौंमा सम्पन्न भएको छ। यहीबीचमा राप्रपाले पनि आफ्नो महाधिवेशन सम्पन्न गरिसकेको छ। सम्पन्न भएका महाधिवेशनहरूको बारेमा नागरिकको प्रतिक्रिया आउने क्रम जारी छ। एमालेको महाधिवेशनमा विचारको बहस नभएको एवम् आन्तरिक लोकतन्त्रलाई कुण्ठित गरिएको आरोप लाग्ने गरेको छ भने कांग्रेसको महाधिवेशनमा पनि विचारको बहस भएन। तर त्यहाँ आन्तरिक लोकतन्त्रको भने भरपूर प्रयोग भएको देखियो।

त्यसैको उपज हो, कांग्रेसमा युवा नेताहरू धनराज गुरुङ, गगन थापा र विश्वप्रकाश शर्माहरू पदाधिकारीका महत्वपूर्ण पदहरूमा विजयी हुनु। राप्रपाकै महाधिवेशनबाट समेत आजसम्मको कमल थापाहरूको वर्चश्वलाई तोड्दै युवा नेता राजेन्द्र लिङ्देन अध्यक्षमा निर्वाचित भएका छन्। यसले देशमा के संकेत गरिरहेको छ भने आम नागरिकले त नयाँपन चाहेका छन् नै सँगै राजनीतिक दलका कार्यकर्ताहरूले पनि अहिले नयाँपनको आवश्यकता महसूस गरेका छन्।

अब लागौं माओवादीको राष्ट्रिय सम्मेलनतर्फ। नेकपा माओवादी केन्द्रको प्रथम राष्ट्रिय सम्मेलन पुस ११ देखि १३ गतेसम्म काठमाडौंमा सम्पन्न हुँदैछ। यसले नयाँ विचार र नयाँ नेतृत्व चयन गर्ने माओवादीको भनाइ रहेको छ। अहिलेको आकार जे जस्तो भए पनि नेपालको पछिल्लो परिवर्तनकारी आन्दोलनमा माओवादीको भूमिका उल्लेखनीय छ। २०४८ सालको संसदीय निर्वाचनमा ९ सिट जितेर संसदमा तेस्रो शक्ति भएको तत्कालीन संयुक्त जनमोर्चा दुई भागमा विभाजित भई बनेको एक समूह माओवादी बन्दै जनयुद्धमा गएको थियो। तत्कालीन समयमा उसको देशव्यापी संगठन सञ्जाल पनि थिएन। सशस्त्र संघर्ष गरेपछि राज्यको तर्फबाट माओवादी प्रति गरिने व्यवहार स्वभावैले कठोर हुने नै भयो र पनि माओवादीले राज्यसत्तालाई चुनौती दिँदै आफ्ना गतिविधि बढाइरह्यो।

देशका मूलधारका पार्टीहरूमा पनि माओवादीलाई हेर्ने दृष्टिकोण फरक फरक देखियो। माओवादीको प्रभाव बढ्दै जाँदा वार्ता र सहमतिका कुराहरू पनि सार्वजनिक भए। २०५८ सालमा भएको पहिलो र २०६० सालमा भएको दोस्रो वार्तामा गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचन जस्ता माओवादीका मागहरू पूरा नभएपछि वार्ताबाट पछि हट्दै माओवादी पुनः युद्धमा गएको थियो। संसदीय व्यवस्थामा देखिएका विकृति समाधान गर्ने भन्दै तत्कालीन राजा ज्ञानेन्द्रबाट माघ १९ को कदम चालिएसँगै मूलधारमा रहेका राजनीतिक दलहरू समेत सडकमा आउन बाध्य भए। १२ बुँदे सहमति पछि माओवादी र संसदवादी पार्टीहरू मिलेर भएको २०६२/६३ को दोस्रो जनआन्दोलनको कारण राजा पछि हट्न बाध्य भए। माओवादी शान्ति प्रक्रियामा आउन सहमत भयो। २०६३ मंसीर ५ को विस्तृत शान्ति सम्झौता मार्फत सशस्त्र युद्ध छाडी शान्तिपूर्ण ढंगले अघि बढ्ने प्रतिबद्धता जनायो। अन्तरिम संसदमा पनि माओवादी पार्टीले सम्मानजनक उपस्थिति पायो। ऐतिहासिक संविधानसभाको पहिलो निर्वाचनमा जनताले माओवादी पार्टीलाई अभूतपूर्व समर्थन गर्दै पहिलो पार्टी बनाए। तर संविधानसभाको परिणामपछि असाध्यै हौसिएको माओवादी पंक्तिले परिपक्वता प्रदर्शन गर्न नसकेपछि पशुपति काण्ड र कट्वाल काण्ड लगायत विषयमा फस्न पुग्दा सत्तापक्षबाट प्रतिपक्षमा पुग्यो।

दोस्रोपटक सरकारको नेतृत्व गर्ने अवसर पाउँदा पनि पार्टीले संविधान निर्माणमा सशक्त पहलकदमी लिन नसक्दा पटक-पटक थप गरिएको संविधानसभा पनि भंग भयो र माओवादी पार्टी पनि विभाजनको शिकार भयो। दोस्रो संविधानसभाको निर्वाचनबाट त माओवादी तेस्रो पार्टीमा खुम्चिन पुग्यो। नेता एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले संविधान जारी गर्दा असन्तुष्ट पक्षका माग सम्बोधन गर्न नसकिएको विषय उठाए र देश विकास गर्न नयाँ शक्ति आवश्यक छ भनी पार्टी परित्याग गरे। अहिले प्रचण्ड नेतृत्वको माओवादी पार्टी बाहेकका धेरै पुराना माओवादी नेताहरू बाबुराम भट्टराई, मोहन वैद्य (किरण), विप्लव, आहुति, गोपाल किराँती छुट्टाछुट्टै पार्टीको नेतृत्वमा छन्।

२०७४ को संघीय र प्रादेशिक निर्वाचनमा नेकपा माओवादी केन्द्र र नेकपा एमालेको कार्यगत एकता भई दुईतिहाइ नजिकको बहुमत पनि प्राप्त भयो तर कम्युनिष्ट पार्टीको नेतृत्वमा बनेको सरकारले जनताले आशा गरेबमोजिमको काम गर्न सकेन। सरकारको नेतृत्वमा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीको अहंकारले सरकारले समाजवादी कार्यक्रम त लागू गर्न सकेन सकेन, न्यूनतम पूँजीवादी कार्यक्रम पनि लागू गर्न सकेन। जनअपेक्षा अनुसार काम भएन।

दुई पार्टी बीचमा भएको एकता पनि अदालतबाट उल्टियो। तत्कालीन प्रधानमन्त्री केपी शर्माले संसद विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गरेको विषयलाई अदालतले उल्टाइदिंदा ओली सत्ताबाहिर पुगे भने प्रतिपक्षीय दलका नेता शेरबहादुर देउवालाई समर्थन गरेर सरकारको नेतृत्व सुम्पन कम्युनिष्टहरूलाई बाध्यता आइलाग्यो। यस्तो विषम पृष्ठभूमिमा हुन गइरहेको राष्ट्रिय सम्मेलनबाट स्वभावैले नयाँ आशा जनमानसमा देखिन्छ।

प्रश्न विचार, कार्यदिशा र कार्यक्रम निर्माणको समकालीन विश्व र राष्ट्रिय परिवेशमा समेत यान्त्रिक र जड भएर कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन सकिने स्थिति देखिदैन। लोकतन्त्र, मानवअधिकार, कानूनी शासन लगायत विषयहरू अनिवार्य हुन्छन्। माओवादीकै भाषामा पूँजीवादी राज्यव्यवस्थाले असमानता र सामाजिक विभेद सिर्जना गर्ने हुँदा यो राष्ट्रिय सम्मेलनबाट सोही बमोजिमको विचार, कार्यदिशा र कार्यक्रम आउनु जरूरी छ। अबको नेपाली समाजवादी आन्दोलन कसरी सम्पन्न गर्न सकिन्छ, बृहत् कार्यक्रम राष्ट्रिय सम्मेलनबाट आउनुपर्दछ।

**सही नेतृत्व पंक्तिको छनोट**

राष्ट्रिय सम्मेलनको एउटा महत्वपूर्ण कार्यभार सही नेतृत्वको छनोट हो। अन्य पार्टीहरूले लोकतान्त्रिक अभ्यास गरी नेतृत्व छनोट गरिरहेको सन्दर्भमा माओवादी राष्ट्रिय सम्मेलनले समग्रमा कस्तो नेतृत्व पंक्तिलाई निर्वाचित गर्दछ, आम चासोको विषय बनेको छ। माओवादीले आदर्श मानेका चिनियाँ नेता माओकै शब्दमा पार्टीमा तीनमा एक (थ्री इन वन) नीति कार्यान्वयन गर्न सक्दछ कि सक्दैन। पार्टी नेतृत्वमा तीन भागमा एक भाग युवा, एक भाग प्रौढ र एक भाग वृद्धहरू समावेश गरेर नेतृत्व चयन गर्न सक्दछ कि सक्दैन। त्यसैगरी नेपालको सन्दर्भमा समानुपातिक समावेशिताको पहिलो पक्षपाती माओवादी भएकै कारणले समावेशिताका आधारमा पदाधिकारी र केन्द्रीय नेतृत्व चयनमा पार्टी कति खरो उत्रिन्छ, यसैले भोलिका दिनहरू निर्धारण हुनेछन्।

**कम्युनिष्ट आचरण, व्यवहार र चरित्र प्रदर्शन गर्ने प्रतिबद्धता**

यतिबेला नेपालमा माओवादी मात्र होइन, अन्य कम्युनिष्ट पार्टीका नेतृत्वदेखि कार्यकर्तासम्मको आचरण, व्यवहार र कार्यशैली कम्युनिष्ट चरित्रको देखिदैन। यसलाई व्यापक सुधार गरेर कम्युनिष्ट आचरण, कार्यशैली र व्यवहार बनाउनुको विकल्प छैन। त्यसैगरी, नेपालमा अहिले राजनीति पेशा र व्यवसायको रूपमा विकास भएको आभास हुन्छ। जनयुद्धको समयमा जनतासँग जोडिए सँगसँगै हिंड्ने माओवादीहरू जनताबाट टाढिएका छन्। उनीहरू जनतासँग जोडिएरै अगाडि बढ्नुको विकल्प छैन। त्यो गर्न माओवादीले सक्छ कि सक्दैन। कम्तीमा सम्मेलनमा यो विषयले कति प्राथमिकता पाउँछ, यो अहम् महत्वको सवाल हो।

**देश विकासको स्पष्ट खाका**

देशको पछिल्लो परिवर्तनको लागि धेरै ठूलो त्याग र बलिदान गर्ने माओवादी पंक्ति भएका कारण देश विकासका लागि बढी जिम्मेवार पनि माओवादी हुनुपर्ने हुन्छ। देश विकास गर्न स्पष्ट खाका आवश्यक छ। विषयविज्ञ र सरोकारवालासँग छलफल र अन्तरक्रिया गरेर देशको मौलिक विकासको मोडेल तय गर्न माओवादी सफल हुनुपर्दछ। यो सम्मेलनले त्यो दिशानिर्देश गर्न सक्नुपर्दछ।

**उत्पादनमुखी अर्थतन्त्र निर्माण**

हेटौंडा महाधिवेशनबाट पारित गरेको उत्पादन ब्रिगेड बहसको मात्रै विषय बन्यो। यो विषयले कति महत्व पाउँछ, पार्टी काममा व्यस्त हुनुपर्ने शीर्ष नेतृत्व बाहेकका अधिकतम् नेता-कार्यकर्ताहरू (पार्टी सदस्यसम्म) ले न्यूनतम अवधि तोकेर श्रममा अनिवार्य सहभागी बन्नुपर्छ। राजनीति पेशा र व्यवसायको रूपमा विकास भइरहेकोमा यसलाई समाजसेवामा रूपान्तरण गर्नैपर्छ। यो कुरामा माओवादी पंक्ति कति खरो उत्रिन्छ, त्यसैमा उसको भविष्य निर्धारण हुन्छ। जनतासँग जोडिएर जनतालाई देश निर्माणमा गोलबन्द गर्ने कुरा महत्वपूर्ण रहेको छ।

**भ्रष्टाचारविरुद्धको अभियान र सुशासनको लागि नेतृत्व**

देशमा भ्रष्टाचार व्याप्त छ। युद्धकालमा माओवादीले यो विषय प्राथमिकताका साथ उठाउने गर्थ्यो र भ्रष्टाचारीलाई कारबाही पनि गर्दथ्यो। अहिले यो विषय धेरै प्राथमिकतामा परेको देखिँदैन। त्यसकारण भ्रष्टाचार निर्मूल गर्ने र सुशासनको नेतृत्व गर्ने विषयमा माओवादी पार्टीले पहलकदमी लिनु जरूरी छ। यो विषयले कति महत्व पाउँछ, आम चासोको विषय बनेको छ।

**जनजीविकाका सवाल हल गर्ने विषयमा स्पष्ट दृष्टिकोण**

माओवादी पार्टीले युद्धकालमा जनजीविकाका सवालहरूलाई सशक्त ढंगले उठाउने गर्दथ्यो। पछिल्लो कालखण्डमा केही उदासीनता देखिएको छ। भुईंतहका मानिसको जीवन अहिले असाध्यै कष्टदायक छ। खासगरी कोभिड-१९ को कारणले झन् बेरोजगारी बढ्दैछ। महँगी बढिरहेको छ। शिक्षा, स्वास्थ्य लगायत आधारभूत आवश्यकता पूरा गर्न सामान्य नागरिकलाई धौ-धौ परिरहेको छ। यी लगायत जनजीविकाका तमाम विषयमा माओवादी प्रष्ट भएर आउन सक्नुपर्छ।

**ध्रुवीकरण, एकता, रूपान्तरण र सहकार्य**

अहिलेका नेपालका समस्या माओवादी पार्टी एक्लैको प्रयासले सम्भव देखिदैन। माओवादीबाट छुट्टिएका डा. बाबुराम भट्टराई, मोहन वैद्य (किरण), विप्लव, आहुति मात्र होइन, अन्य परिवर्तनकारी शक्तिहरूसँगको सहकार्य र एकता आजको आवश्यकता हो। परिवर्तनकारी शक्तिहरू भुत्ते हुँदै गएको अवस्थामा प्रतिगामी शक्तिहरू सल्बलाउँदै गएको देखिन्छ। कतिपय पुराना शक्तिले नै त्यो मौका खोजिरहेका छन् भने कतिपय नयाँ नामधारी वैकल्पिक शक्तिहरूले पुराना एजेण्डा बोकिरहेका छन्। यसमा उनीहरूलाई दोष दिएर मात्र पुग्दैन।

हरेक कुराको विकास र विनाशमा मुख्य भूमिका आन्तरिक पक्षको नै हुन्छ भन्ने विज्ञानको नियमलाई आत्मसात् गर्दै परिवर्तनकारी शक्ति ध्रुवीकृत, एकीकृत र रूपान्तरित हुँदै अगाडि बढ्नु अहिलेको आवश्यकता हो।

नेपालको परिवर्तनकारी आन्दोलनमा प्रचण्ड नेतृत्वको माओवादी पंक्तिले अन्य शक्तिहरूले भन्दा पछिल्लो कालखण्डमा धेरै जोखिम मोलेर समाज परिवर्तनका लागि हिंड्यो। तर त्यो बलिदानीभाव वर्तमानसम्म जोड्न नसक्दा भने माओवादीप्रति जनताको वितृष्णा पैदा भएको अवस्था छ।

माओवादी पार्टीले कस्तो विचार निर्माण गर्दछ, कस्तो कार्यदिशा तय गर्दछ आम मानिसको सरोकारको विषय कमै होला। त्यो केवल माओवादी नेतृत्व, कार्यकर्ता र सम्बद्ध व्यक्तिहरूको मात्र चासोको विषय बन्दछ।

सम्मेलनले जनताका दैनिक जीवनका समस्या समाधान गर्न, संविधानमै उल्लेख गरिएको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न कस्तो नीति, कार्यक्रम ल्याउँछ, आम मानिसको चासो त्यसमा छ। जनताका दैनिक जीवनसँग जोडिएका यावत् विषयका बारेमा माओवादीको सम्मेलनले के बोल्छ र सम्मेलनपश्चात् माओवादी पंक्तिले कस्तो व्यवहार गर्दछ, यो नै माओवादीको सम्मेलनप्रति आम मानिसको चासोको विषय रहेको छ।


त्यसकारण यी समग्र विषयहरू सम्मेलनले हल गर्न सकेमा मात्रै यो सम्मेलन सार्थक हुनेछ, अन्यथा यो कर्मकाण्ड मात्रै हुनेछ। माओवादी पंक्तिलाई यी विषयहरूमा सफलता मिलोस्, शुभकामना!


## नगरपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक : प्यूठान नगरपालिका विजुवार प्यूठान**

## कविता



गौमुखी गाउँपालिका-६ लिवाङ्ग, प्युठान

**गीर बहादुर के.सी. (बीरही)**

धार्मीक स्थान प्युठानको स्वर्गद्वारी थलो ।
रामो काम गरे पछी, हुन्छ हाम्रो भलो ।
गौमुखीको सेरोफेरो, झिमरुकको सीर ।
तल झरे ठुलाचौर, माथी कोठे भीर ।
रजबारामा झाक्रीढुङ्गा, तामाखानी पुजा ।
प्युठानका जनता हजुर सारै हुने सोझा ।
दिहाल्नको चौर भन्छन, खेल मैदान हाम्रो ।
तल पट्टि इस्नाथानको देबी मन्दीर कति राम्रो
पाच वर्षे कुलपुजा प्युठानको लुङ्गमा ।
हुरी खेल्ने गुफा पर्छ, पुजा पारी खुङ्गमा ।
पर्यटकको स्थल भन्छन, ओखरकोटको गाउँ ।
एक चोटि घुम्नलाई पक्कै पनि जाउ ।
प्युठानको बजार हाम्रो बाग्दुलामा ठूलो ।
विकास निकास भए पनि सधै उड्छ धुलो ।
प्युठानको सदरमुकाम खलंगाको गाउँ ।
काँत्रिखोला झरेपछी भाले काट्ने ठाउँ ।
बिजुवारको बजार, हाम्रो हस्पिटलको साथमा ।
आर्मी पुलिस गस्ती हिँड्छन सधै भरी रातमा ।
तिहारमा मेला लाग्ने चिती खोला फाँट ।
यति कुरा सुनेपछी प्युठान घुम्ने आँट ।
ऐरावती, धर्मवती प्युठानको सान ।
झिमरुकका फाँटभरी हरियाली धान ।
दुइवटा पालिका र सातवटा गाउँ ।
एक चोटि घुम्नु होला प्युठानको ठाउँ ।

## गजल



**लालिमाया थापा मगर**

**नौबहिनी गा.पा. २, लिघा**

जीवन जिउने कुनै नभेटिदा आधार पनि ।
गर्नै पर्ने भयो हजुर मैले स्वीकार पनि ।
लेख्दै जादा बढ्दै गयो झन् अटल हुदै गयो ।
के रित्तिन्थ्यो र त्यो शब्दको भण्डार पनि ।
उपलब्ध रकम मैले जम्मा नगरुन्जेल सम्म,
हुँदैन भन्यो डाक्टरले बिरामीको उपचार पनि ।
जति नै नयाँ फेसन आए पनि किन्न सकिएन,
पैसा हुनेहरुको लागी त रहेछ त्यो बजार पनि ।


## गाउँपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्युठान


# खुसी ,दुखी र अवसरवाद



**रामबहादुर बुढा**

अवसरवाद मानव समाजमा ब्याप्त आम प्रवृति हो। कम्युनिष्ट आन्दोलनमा लामो समय टिक्न गाह्रो भए पछि वा अझ अप्ठ्यारो अवस्था आए पछि कैयौं मानिसहरु मैदान छाडेर भाग्छन । त्यो कम्युनिष्ट आन्दोलनमा मात्र हैन लोकतान्त्रिक आन्दोलनमा पनि त्यस्ता कै यन उदाहरण भेट्न सकिन्छ।

बि.पि. कोइराला जेल जादा नेपाली काङ्ग्रेसका दुई महामन्त्री थिए- डा तुल्सी गिरी र परशुनारायण चौधरी। राजा महेन्द्रले आफ्नो पार्टीका सभापति र देशको प्रधानमन्त्रीलाई सेनाको हत्कडी लगाएर जेल हालेको बेला ती दुई महामन्त्रीको काम पार्टी चलाउने हुनु पर्ने थियो।तर आफ्नो नेता हत्कडी लगाएर जेल गैरहेको बेला तुल्सी गिरी र परशुनारायण चौधरी घाटीमा फूल माला र निधारमा अबिर सिउरिदै श्री ५ को सरकारका प्रधानमन्त्री र मन्त्री बन्न पुगेका थिए। मैले काङ्ग्रेसको अर्को प्रभावशाली नेता विश्वबन्धु थापाको पनि त्यस्तै किस्सा सुनेको थिए।

नेपालमा राजाले २०१७ सालमा बहुदल खाएको बेला थापा विदेश रहेछन । घर फर्केर बेलुकी सुत्ने बेला आफ्नी श्रीमतीलाई सोधेछन। भोलिबिहान मेरा अगाडि दुईवटा बाटा छन् एउटा सम्मानै सम्मान, कुर्ची, इज्जत फूलमाला, अबिर र अर्को बाटो हत्कडी लगाएर जेल चलान । म कुन बाटो रोजु ? श्रीमतीले भनिछन् ,"त्यस्तो अप्ठ्यारो बाटो किन रोज्ने हो ? मरिजाने दुई दिनको जिन्दगीमा किन दुख पाउनु र !" त्यस पछि विश्वबन्धु थापा पन्चायतको गृहमन्त्री हुन पुगे।

यता कम्युनिस्ट आन्दोलनको ईतिहास हेर्दा आफ्नो इथिक्स छाडेका तमाम उदाहरण भेटिन्छन् । झापा विद्रोहका कमाण्डर मानिने र सबैभन्दा लामो राजनीतिक जेल जीवन बिताएका नेपालका नेल्शन मण्डेला भनिने मोहन्चन्द्र अधिकारी हुनमान चालिसे जप्ने र हरे राम हरे कृष्ण को पछ्यौरी ओढेर बस्ने भए। झापा आन्दोलनका अर्का नेता राधाकृष्ण मैनाली प्रतिगगमन कालमा राजाको टिके मन्त्री बन्न पुगे। मलाई फोनमा, मेसेन्जरमा साथीहरुले अहिले ठूला क्रान्तिकारी कुरा गरेर किन पतनको बाटो रोजे भनेर प्रश्न गर्नु हुन्छ। मैले भन्ने गरेकोछु जसलाई देखाएर तपाईंहरुले आश्चर्य मान्नु भएकोछ त्यो भन्दा दशौ गुणा बढी आस्चर्यको कुरा त यो हो कि मसाल नेतृत्वले कार्यकर्तालाई दशकौंसम्म प्रतिकृयावादी सम्सदीय ब्यबस्थाको बिरोध गर्न लगायो तर अहिले किन सम्सदीय ब्यबस्थाको विरोध गरिस भनेर उसलाई कार्बाहीको डण्डा हान्छ ? यो कति ठूलो आस्चर्यको कुरा हो ? गलत कुरालाई सच्चाउनु पर्छ भन्नेवालालाई निहुँ खोजी खोजी कार्बाही गरिन्छ तर गल्ती गर्ने वाला नेतृत्वको तरफदारी गरेकै भरमा पुरस्कृत हुँदै जान्छ। यो न्यायप्रणाली कस्ता आस्चर्य लाग्दो छैन नि ?


खुसी र दुखी हुने कुरा आफ्नो दृष्टिकोण माथि भर पर्दछ। दुईखाले मान्छेलाई तपाईले जतिसुकै कोसिस गरे पनि रोक्न सक्नु हुन्न। एक ,यदि आफ्नो बिश्वास माथि कसैले खुसी खोज्दैछ भने त्यसलाई तपाइले जति सुकै रोक्न खोजे पनि ऊ रोकिदैन। विस्वास भन्नाले विचार हो। दुई, यदि कुनै ब्यक्ति आफ्नो ब्यक्तिगत स्वार्थ, पद, लाभ-लालचबाट नियन्त्रीत भएर अगाडि बढ्दैछ भने उसलाई पनि कसै ले रोक्न सक्दैन। मसालको अल्पमत पक्षको विचार समूह तहस नहस हुदैछ भनेर निकै खुसी र ब्यङ्गका फोहराहरु छुटेको देखिन्छ। दक्षिणपन्थी अवसरवादको मझेरीमा बास माग्न जान धेरै पहिले देखि यात्रा तय गरेका र केही समय मसालको अल्पमत पक्षलाई बिस्यौनी बनाएर थकाई मेट्न बसेका केही बटुवाहरु उठेर हिडेको देख्दैमा अल्पमत सकियो तहस नहस भयो भनेर खुसी हुनुको कुनै तुक छैन।

दैलेखबाट एउटा टोली एमालेमा जादाअल्पमत पक्षले कहिलै बक्तव्यबाजी गरेन । सक्छन अल्पमतको सही विचार अबलम्बन गरून्, सक्दैनन भने एमाले, माओवादीमा जानू भन्दा बरु मसालको बहुमत पक्षमा नै बसुन भन्ने हाम्रो सोचाई हो । पार्टी एकीकृत भएर जानू परेमा वा मिलेर जानू परेमा वा भबिष्यमा कार्यगत एकता नै गर्नु परेमा सबैभन्दा सजिलो मसालहरुकै विचमा सजिलो हुनेछ । त्यसकारण पनि मसाल छाडेर गएका साथीहरुलाई देखेर त्यतिबिध्न हास्दा, खुसी हुँदा म आफै कमजोर भैरहेको छु भन्ने किन नसोचेको होला ? यो कति विध्वंसात्मक र विसर्जनवादी सोचाई हो ? जसले पुजिवादी अवसरबादी बाटो समाएका छन ती शक्तिहरु सबै पुजीवादमा गएर समाप्त हुनेछन् । जसले मार्क्सवादको क्रान्तिकारी तत्वलाई समाउदै देश र जनताको अगुवाई गर्नेछन, तिनीहरु समाजका नेतृत्वकर्ता बन्नेछन।

## रोचक/प्रेरक प्रसङ्ग

### प्लेनमा जन्मिएका बच्चाहरु कुन देशका नागरिक हुन्छन् होला ?





हामी धेरैले प्लेनमा नै बच्चाको जन्म भएको सुनेका छैनौं होला, तर कतिपय भने यस्ता घटनाको प्रत्यक्षदर्शी समेत भएका पनि हुन सक्छौं। यदी प्लेनमा बच्चा जन्मिएमा उक्त बच्चा कुन देशको नागरिक हुन्छन् त ? यो कुरा हामी धेरैलाई थाहा नहुन सक्छ।

विश्वका धेरै देशहरूमा प्लेनमा यात्रा गर्ने विभिन्न नियम बनाएका छन् । उदाहरणका लागि भारतमा ७ महिना भन्दा धेरै समयकी गर्भवति महिलाले प्लेनमा यात्रा गर्न नपाउने नियम छ। यद्यपी महत्वपूर्ण अवस्थाका लागि यो नियम लचिलो छ । यदी प्लेन उडीरहेको बेलामा महिलाले बच्चालाई जन्म दिएको खण्डमा उक्त प्लेन कुन देशको आकाशमा उडीरहेको छ भन्ने पहिलो शर्त हुनेछ । र उक्त प्लेन जुन देशमा ल्याण्ड हुन्छ सोही देशको एयरपोर्टबाट बच्चाको जन्मदर्ता लगायतका कागजातहरू बनाइन्छ। यस्तो नियम भएता पनि बच्चाहरूका अभिभावकमा बच्चालाई कुन देशको नागरिक बनाउने भन्ने अधिकार पनि हुन्छ। उदहरणका लागि यदी पाकिस्तानबाट अमेरिकातर्फ जाँदै गरेको प्लेन भारतको आकाशमा हुँदा बच्चा जन्मिएमा उक्त बच्चाले भारतको नागरिकता पाउँछ।

त्यसैगरी उक्त बच्चाका अभिभावक जुन देशका नागरिक छन् सोही देशको नागरिकता पाउँछ । तर, भारतमा २ देशको नागरिकता लिन मिल्ने प्रावधान भने छैन। केही वर्षअघि अमेरिकामा यस्तै घटना देखा परेको थियो। नेदरल्याण्डबाट अमेरिका जाँदै गरेको प्लेनमा एट्लान्टिक ओसनमा पुग्दा महिलाले स्वस्थ बालिकालाई जन्म दिइन्।

अमेरिकाको सिमानामा जन्मिएको हुनाले ती बालिकाले अमेरिकी नागरिकता प्राप्त गरिन् । त्यस्तै उनको नाममा नेदरल्याण्डको नागरिकता पनि बन्यो।

यद्यपी हरेक देशले प्लेनमा जन्मिएका बच्चाहरूलाई दिइने नागरिकताका लागि छुट्टाछुट्टै नियम बनाएका छन्।

# उद्योग वाणिज्य संघको अध्यक्षमा नकर्मि



**झुलेनी पोष्ट**
**प्यूठान**

व्यवसायीहरुको छाता संगठन प्यूठान उद्योग वाणिज्य संघको अध्यक्षमा पशुपती नारायण नकर्मि निर्वाचित भएका छन् । नकर्मिले उनका प्रत्यासी १ सय २३ मत अन्तरले निर्वाचित भएका हुन् । उनका प्रत्यासी यज्ञ बहादुर के.सी.ले ४ सय ३० मत पाएका हुन् भने निर्वाचित नकर्मिले ५ सय ५३ मत पाएका छन् । प्युठान उद्योग वाणिज्य संघको २४ औं सभा तथा ११ औं अधिवेशन शनिवार सदरमुकाम खलंगामा सम्पन्न भएको हो । संघको वरिष्ठ उपाध्यक्ष पदमा कृष्णभक्त गिरीलाई पराजित गर्दै प्रमोद पोखेल निर्वाचित भएका छन् । गिरीलाई पोखेलले २७ मत अन्तरले पराजित गरेका हुन् । सार्वजनिक मत परिणाम अनुसार बिजयी पोखेलले ४ सय ८५ मत लिएका छन् भने प्रत्यासी गिरीले ४ सय ५८ मत पाएका छन् । संघको महासचिवमा सन्देश आचार्य निर्वाचित भएका छन् । आचार्यले ४ सय ८५ मत ल्याउँदै बिजयी भएका हुन भने प्रत्यासी पुर्णचन्द्र सुवेदीले ४ सय ३५ मत पाएका हुन् ।

सुवेदीलाई आचार्यले ५० मत अन्तरले उछिनेका हुन्। सह सचिव पदमा भएको निर्वाचनमा सुर्यचन्द्र खनाललाई पराजित गर्दै गोबिन्दराज पोखेले निर्वाचित भएका छन् । बिजयी पोखेलले ४ सय ६८ मत ल्याएका हुन भने प्रत्यासी खनालले ४ सय ५७ मत पाएका छन् । कोषाध्यक्ष पदका लागि भएको मतदानमा झवेन्द्र शर्माले ६१ मत अन्तरले बिजयी भएका छन् । शर्माले ४ सय ९२ मत पाएका छन्। यिनका प्रत्यासी ऋषिराम अधिकारीले ४ सय ३१ मत पाएका निर्वाचन समितिले जनाएको छ । संघको प्रथम उपाध्यक्षमा (वाणिज्य) रेशम के.सी. र द्वितीय उपाध्यक्ष (उद्योग) तर्फ दधिराम भण्डारी सर्वसम्मत निर्वाचित भएका थिए ।

संघको निर्वाचनका लागि दुई प्यानल बनाएर व्यवसायीहरु चुनावी मैदानमा उत्रिएका थिए । नकर्मि प्यानलबाट अध्यक्ष सहित वरिष्ठ उपाध्यक्ष, महासचिव निर्वाचित भएका हुन भने के.सी. प्यानलबाट सहसचिव र कोषाध्यक्ष निर्वाचित भएका हुन् । सर्वसम्मत हुने दुबै उपाध्यक्ष नकर्मि प्यानलका हुन् ।

# अखिल नेपाल शिक्षक संगठन प्यूठानको पाँचौ जिल्ला सम्मेलन सम्पन्न




**झुलेनी पोष्ट**
**प्यूठान**

नेपाल कम्युनिष्ट पार्टी निकट पेशागत संगठन अखिल नेपाल शिक्षक संगठन प्युठानको पाँचौ जिल्ला सम्मेलन आज सम्पन्न भएको छ ।

शनिवार सम्पन्न सम्मेलनलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा अखिल नेपाल शिक्षक संगठनका केन्द्रिय बरिस्ठ उपाध्यक्ष लक्षिराम ढकालले नेपालको माटो सुहाउँदो, प्राविधिक, व्यवहारिक तथा वैज्ञानिक र निशुल्क शिक्षा प्रणाली आजको अनिवार्य आवश्यकता रहेको बताएका छन् । उनले राज्यसत्ताको आधार परिवर्तन नगरी उपरी संरचना परिवर्तन हुदैन, राज्यसत्ताको आधार र उपरी संरचनामा परिवर्तन नगरेसम्म शिक्षामा आमुल परिवर्तन सम्भव नरहेको बताएका छन् । शिक्षालाई निजिकरण र व्यापारीकरण नगरी राज्यको दायित्व र जनताको अधिकारको रुपमा हुनुपर्ने कुरामा उनले जोड दिए ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा प्युठान जिल्ला इन्चार्ज दल बहादुर के.सी.(जागृति)ले वर्तमान शिक्षा प्रणाली हुदाखानेको नभई हुनेखानेको पक्षमा रहेकोले शिक्षामा आमुल परिवर्तन आवश्यक रहेको बताए । कार्यक्रममा संगठनका केन्द्रिय सचिवालय सदस्य तथा लुम्बिनी प्रदेश अध्यक्ष नारायण भण्डारीले वर्तमान समयमा सरकारलेनै शिक्षकलाई विभेद गरेको बताएका छन् ।

कार्यक्रममा नेकपा प्युठानका पुर्व इन्चार्ज सुर्यप्रकाश, संगठनका केन्द्रीय सदस्य तथा रोल्पा, प्युठानका इन्चार्ज बिरवल वली, र गुल्मी, अर्घाखाँची इन्चार्ज लक्ष्मण वली, अखिल क्रान्तिकारीका केन्द्रिय सदस्य प्रदिप कवर लगायतले सम्मेलन सफलताको शुभकामना मन्तव्य राखेको थिए ।

सम्मेलन ले शिव बहादुर थापाको अध्यक्षतामा ४ जना पछि थप्ने गरी १७ सदस्यीय अखिल नेपाल शिक्षक संगठन जिल्ला समिति प्युठान निर्वाचित गरेको छ । जस्को उपाध्यक्षमा एगम सुनार, महिला उपाध्यक्ष टीका गिरी (शुसिला), सचिव बोम बहादुर राँहु, सह सचिव एलिना सेन र मदन अधिकारी, कोषाध्यक्ष अमृत सुनार चयन भएका छन् । सदस्यहरुमा कमला घर्ती, मुम बहादुर पुन, मान बहादुर के. सी. सञ्जय अधिकारी रहेका छन् ।

एगम सुनारको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको संचालन बोम ब राँहुले गरेका थिए ।

# अति बिपन्न र गरिब परिवारका ज्येष्ठ नागरिक सम्मानित

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट**

प्यूठान नगरपालिका-४, नं. वडा कार्यालयले शुक्रबार वडा भित्रका ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ। वडाले वडाभित्रका अति बिपन्न, गरिब र अपाङ्ग परिवारका ८ जना ज्येष्ठ नागरिकलाई सम्मान गरेको हो ।

प्यूठान नगरपालिका ४ नं. निवासी इन्द्र बहादुर घर्ति मगर, किमति घर्ति मगर, खड्क बहादुर सुनार, जुठी देवि नेपालि, देविराम जैसि, नेमा कवंर, लछे सार्की र नन्दराम सुवेदि सम्मानित भएका हुन । सम्मानसँगै उनीहरूलाई ४ नं. वडा कार्यालयले पानी तताउने इलेक्ट्रिक भाँडो, ब्लाङ्केट, टर्च लाईत र बर्की दिएको थियो । वडाभित्रका अति धेरै गरिब र बिपन्न परिवारको खोजी गेरर सम्मान गरिएको वडाले जनाएको छ ।




नदोहोरिने गरि प्रत्येक वर्ष फरक र सामाजिक सुरक्षा भत्ता पाउने र नपाउने परिवारका ज्येष्ठ नागरिकलाई सम्मान गरिएको वडा अध्यक्ष लक्ष्मी प्रकाश राज भण्डारीले बताए । 'यो सम्मानले अग्रज आमा बुबाको ख्याल गर्न र दीर्घजीवी बन्न परिवारका अन्य सदस्यलाई समेत प्रेरित गर्ने छ,' उनले भने ।

लक्षित वर्गलाई आउने बजेत मध्यबाट ४० हजार बजेत यस कार्यक्रका लागि बिनियोजन गरेको अध्यक्षले बताए । वडाले निरन्तर यस्ता कार्यक्रमहरु गर्दै आएको र गत वर्ष पनि ८ जना ज्येष्ठ नागरिकलाई नै सम्मान गरिएको अध्यक्ष भण्डारीले जानकारी दिए ।

वडा अध्यक्ष लक्ष्मी प्रकाश राज भण्डारीले ब्यानर पढेर कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रममा ४ नं. वडा सदस्य रेशम कार्किको स्वागत मन्तव्य र वडा सचिव उषा भण्डारीको सञ्चालन रहेको थियो । अध्यक्षले सम्मानसँगै ज्येष्ठ नागरिकहरुलाई दीर्घायुको शुभकामना दिँदै कार्यक्रमको समापन गरेका थिए ।

# प्रहरीमा भर्ना हुनेलाई सचेतनामुलक कार्यक्रम

**झुलेनी पोष्ट**
**प्यूठान**

जिल्ला प्रहरी कार्यालय प्यूठानले नेपाल प्रहरीको जनपद प्रहरी जवान तथा कार्यालय सहयोगीमा दरखास्त फारम दर्ता गर्न जाने युवायुवतीलाई विभिन्न सचेतनामुलक कार्यक्रममा सहभागी गराएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ । सहभागी युवायुवतिको लागि बालबिवाह तथा यसबाट हुने तत्कालिन तथा दिर्घकालिन असर, बहुबिवाह तथा यस अपराधको कानुनी प्रक्रिया, सवारी दुर्घटनाको न्यनिकरण, लागु औषध दुर्व्यसनी र लैगिक हिंसा न्युनीकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरेको छ। प्रहरीले श्रव्यदृश्य सामाग्रीको माध्यमबाट सचेत बनाउने कार्यक्रम गर्दै आइरहेको सो कार्यालयले जानकारी दिएको छ । यसै गरी सहभागी युवायुवतिलाई गाँउघरमा हुने कुनै पनि हिंसात्मक तथा अपराधिक घटनाहरुको सत्य तथ्य जानकारी सम्बन्धित कार्यालमा रिर्पोट गर्न जिल्ला प्रहरी कार्यालय प्रवक्ता तथा प्रहरी निरिक्षक देवी प्रसाद गैरेले आग्रह समेत गरेका थिए ।

# विद्यालयहरुमा किशोर किशोरीहरुलाई मनोविमर्स कार्यक्रम

**झुलेनी पोष्ट**
**प्यूठान**

जिल्लाका बिभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई मानसिक स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन भइरहेको छ। प्यठान विकास सरोकार केन्द्रले प्यूठान जिल्लाका प्राथमिक, आधारभूत, माध्यीमक तथा क्याम्पसमा पढ्ने विद्यार्थीहरुलाई मानसिक स्वास्थ्य सम्बन्धी जानकारी गराएको हो।

पछिल्लो समयमा किशोर किशोरीहरुमा मानसिक स्वास्थ्य समस्या बढ्दोमा मात्रामा देखिएकोले यस्तो समस्या न्युनीकरणका लागि कार्यक्रम सञ्चालन गरीएको अध्यक्ष प्रनिर अधिकारीले बताए । विद्यालयस्तरमा गरीएको ले कार्यक्रमले विद्यार्थी सहित घरका अभिभावकलाई समेत फाइदा पुग्ने अध्यक्ष अधिकारीको भनाई छ । उनका अनुसार




स्वयंसेवी रुपमा जिल्लाका सरकारी तथा संस्थागत विद्यालयहरुमा यसबारे जानकारी दिइदै आएको छ । हालसम्म जिल्लामा सञ्चालित क्याम्पस र दर्जन बढी अन्य विद्यालयहरुमा मनोसामाजिक परामर्श सम्बन्धी सहजीकरण गरीएको छ ।

सचेतनामुलक कार्यक्रममा सहभागी विद्यार्थीलाई मानसिक रोगको परिचय, यसका प्रकार, मानसिक रोगको लक्षण, मानसिक रोग हुन सक्ने अवस्था लगायत यसको समाधानको बारेमा पनि प्रशिक्षण दिइएको सरोकार केन्द्रका उपाध्यक्ष यादव पण्डितले जानकारी दिए । कार्यक्रम मार्फत सबैभन्दा बढी आत्महत्या न्युनीकरणका लागि जोड दिइएको झुलेनी पोष्टलाई उनले बताए । विद्यालय स्तरमा सञ्चालन गरीएको कार्यक्रममा केन्द्रका पदाधिकारी सहित मनोविद् शान्ती पण्डित लगायत अन्य मनोविमर्सकर्ताले सहजीकरण गर्दै आएका छन् ।

JHULENI
United Network Pvt.Ltd.
झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा सञ्चालित
झुलेनी पोष्ट साप्ताहिकका लागि खवर, सुचना, विज्ञान र लेखरचना पठाउनको लागि हामीलाई सम्पर्क गर्नुहोस् ।
फोन : ०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

## हस्तकलाका सामग्रिबाटै .....

पनि दिएको छ उनलाई । 'स्थानीय स्रोत साधनको प्रयोग पनि हुने, आम्दानी पनि हुने', उनले भने । हस्तकला सामग्रीबाट मासिक सरदर २० हजार आम्दानी हुने गरेको छ। दुर्गम क्षेत्रमा हस्तकला सामग्रीको स्थानीयले महत्व नदिएपनि पर्यटकीय क्षेत्र र व्यापारीक केन्द्रहरुमा यसको माग बढ्दो रहेको छ। प्यूठान जिल्लामा उत्पादन गरेर उनले पर्यटकिय क्षेत्रहरु काठमाण्डौ, पोखरा, विराटनगर, धनगढी, महेन्द्रनगर, झापा लगायतका ठाउँहरुमा बिक्रि गर्नका लागि लैजाने गरेका छन् ।

अहिले गुमानसिंहको आम्दानीको मुख्य स्रोत यहि हस्तकला उद्योग बनेको छ। आफूसँगै श्रीमती पम्फाले पनि यहि काम गर्दै आएकी छिन्। हस्तकला सामग्री तयार गर्न श्रीमतीले सघाउँछिन भने कामको अन्तिम रुप गुमानसिंङले नै गर्दछन। यहाँको उद्योगबाट बनेका सामग्रि प्युठान भन्दा बाहिरी जिल्लामा माग बढ्दो रहेको छ। जिल्लामा स्वर्गद्वारी भन्दा अन्य पर्यटकिय स्थल नहुँदा पनि यस्ता सामग्रि खरीद गर्ने ग्राहक पाएका छैनन् उनले ।

घरमा सजावटका लागि आकर्षक र स्वास्थ्यलाई हानी समेत नगर्ने यस्ताखाले सामग्रि प्लाष्टिक भन्दा केहिँ महँगो भएपनि सर्वसाधारण प्रयोग गर्न रुचाउँदैनन् ।

अरुबेला भन्दा मेला, महोत्सवका बेला यस्ता बढी मात्रामा बिक्रि हुने गरेको उनले बताए। जिल्लामा हुने महोत्सवमा हस्तकला सामग्रि राख्नका लागि घरेलु कार्यालयले निशुल्क स्टल उपलब्ध गराउने भएकाले आम्दानी बच्ने गरेको उनको भनाई छ । 'बिदेशबाट ल्याइएका प्लास्टिक जन्य सामग्रि भन्दा जिल्लामै उत्पादन गरीएका सामग्रीलाई प्रोत्साहन दिएमा यसको बजार बढ्ने उनले बताए।

बाँसबाट बनेका सामग्रि आकर्षक र टिकाउ हुने भएकाले केहिँ महँगो पर्ने भएपनि सबैलाई प्रयोग गर्न सुझाव दिन्छन् उनले। जिल्ला बाहिर मजदुरी खर्च र मेहनत अनुसारको बजार मूल्य पाए पनि आफ्नै जिल्लामा भने सोचे अनुसारको बजार मुल्य पाउन नसकेको गुनासो छ । प्युठान वासीले बाँसबाट बनेका सामग्रीको महत्व नबुझेका कारण जिल्लामा बजार पाउन नसकेको उनको बुझाई छ।

## पौष महिनामा गरीने कृषि कर्मबारे जानीराखौं ।

- हिउँदे आलुलाई उकेरा दिई सिंचाई गर्ने ।
- उच्च पहाडी क्षेत्रमा वर्षे आलु लगाउनको लागि जग्गाको तयारी गर्ने ।
- पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने ।
- फलफूलको बोटमा औंठी तरिकाले कुलेसो खनी मल तथा मलखाद दिई सिंचाई गर्ने ।
- काउली, बन्दा, रायो, मुला भित्राउने ।
- मौरीपालक कृषकले मौरीलाई चिसोबाट बचाउनको लागि आवश्यक व्यवस्था गर्ने र १ भाग चिनी र १ भाग पानीको मात्रामा चिनी चास्नीको व्यवस्था गर्ने ।
- बेमौषमी काक्रा खेतीको लागि पोलि ब्यागमा बेर्ना जमाउने।
- काउली खेतीमा बोरनको कमीको लक्षण देखिएमा २ ग्राम बोरन प्रति लिटर पानीमा मिसाई स्प्रे गर्ने ।
- बर्षे आलु लगाउन सुरु गर्ने ।
- खाडल खनी मल मिसाई बिरुवा रोप्न तयार गरी राखेको खाडलमा हिउँदे फलफूल लगाउने । जस्तै : आरु, आरुबखडा, हलुबेद, नास्पाती, स्याउ, ओखर, लप्सी, किवि ।
- माटो परिक्षण शिविर संचालन गर्ने समय भयो ।
- माटो परिक्षणका लागि माटोको नमुना संकलन गर्ने ।
- किवि फलमा काँटछाँट गरी बेभिष्टीनको पेष्ट बनाई काटेको घाउमा लगाउने ।
- प्याजको सेट उत्पादन गर्नको लागि प्याजको दल राख्ने ।

## गाउँपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**माण्डवी गाउँपालिका**


# कृषि तथा तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

व्यवस्थापक :कल्पना शर्मा पौडेल
प्राविधिक सल्लाहकार :
गिरीराज पौडेल

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान नपा-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८७८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।


## घरेलु तथा साना उद्योग कार्यालय प्यूठानको जरूरी सुचना !

### प्रविधि (मेसिन/उपकरण) हस्तान्तरणका लागि आवेदन/प्रस्ताव आह्वान सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकासित मिति २०७८/०९/०७**

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट विनियोजित घरेलु तथा साना उद्योग कार्यालय, प्यूठानको आ.व. २०७८/०७९को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न कार्यक्रमहरु अन्तरगत नयाँ स्थापना हुन चाहने तथा स्थापित उद्योगको विकास र विस्तारमा टेवा पुर्याई रोजगारी सृजना मार्फत गरिबी न्यूनीकरणमा सहयोग गर्ने उदेश्यले देहाय अनुसारको शर्तका अधिनमा रहि उपयुक्त प्रविधि (मेसिन/उपकरण) हस्तान्तरण गर्ने कार्यक्रम रहेको हुँदा प्रचलित कानुन बमोजिम दर्ता भई संचालनमा रहेका उद्योग तथा आ.व. २०७८/०७९ मा नयाँ सृजना हुन चाहने उद्यमीहरुले तपसिलमा उल्लेखित कागजात संलग्न राखी यो सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र यस कार्यालयमा आवेदन/प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | कार्यक्रमको नाम | स्वीकृत बार्षिक बजेट | शर्तहरु | आवश्यक कागजात | कै. |
|---|---|---|---|---|---|
| १ | ग्रामिण क्षेत्रमा नव प्रवर्द्धनात्मक उद्योगलाई सहयोग (प्याकेज) | ७ लाख ५० हजार | -कार्यालयमा पेस हुने आवेदन/प्रस्तावहरुको मुल्यांकन तथा छनौट यस कार्यालयले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ। - छनौट भए पश्चात प्रविधि (मेसिन/उपकरण) को कुल लागत मध्य कुल लागतको २० प्रतिशत उद्यमी स्वयंमले व्यहोर्नु पर्नेछ भने ८० प्रतिशत अनुदान स्वरुप प्राप्त हुनेछ। - प्राप्त प्रविधि अरुलाई हस्तान्तरण वा बेचविखन गर्न पाइने छैन। - रित पुर्वक नभएका र म्याद नाघी पेश भएका निवेदन उपर कारवाही हुनेछैन। | - उद्यमीको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी। - उद्योग दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी। - स्थायी लेखा नं. दर्ता र आ.व. २०७७/०७८ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी -उद्योगको व्यवसायीक योजना। - अनुभव तथा तालिम लिएको भए सो प्रमाण-पत्रको प्रतिलिपी - हालसम्म कुनै प्रकारको सहुलियत सुविधा वा अनुदान नलिएको स्वघोषणा पत्र। | |
| २ | सिट्रस प्रशोधन चुक, जुस, जाम उत्पादन तथा प्याकेजिङ्का लागि प्रविधिमा सहयोग | ५ लाख | | | |
| ३ | नेपाली हाते कागज स्थापना/स्तरोन्नतिका लागि प्रविधिमा सहयोग | ५ लाख | | | |

थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय प्यूठानको सम्पर्क नं. ०८६-४२००७७ मा सम्पर्क गरी बिस्तृत जानकारी प्राप्त गर्न सकिनेछ।

# १-२ दिनदेखि कोभिडका बिरामीको संख्या र स्थिति देख्दा

## हामी अर्को उभारको साघारमा उभिएका छौं जस्तो देखिन्छ।



डा. अनुप सुवेदी

विगत १-२ दिनमा देखिन थालेका कोभिडका बिरामीको संख्या र स्थिति देख्दा हामी अर्को उभारको सँघारमा उभिएका छौं जस्तो देखिन्छ।

ओमिक्रोन देखा नपर्दै पनि डेल्टा भेरियन्टले नै पनि हिउँदमा फेरि अर्को (अघिल्लो भन्दा सानो) उभार ल्याउने अपेक्षित थियो नै। त्यसको कारण थियो- मुख्यतः उच्च जोखिम समूहका व्यक्तिमा पहिले कोभिड संक्रमण भएर वा खोप लगाएर बनेको रोग-प्रतिरोधी क्षमतामा केही महिनापछि ह्रास आउने देखिएकाले।

ओमिक्रोन देखिएपछि त त्यस्तो लहर झन चाँडो आउने र डेल्टा-मात्रको लहर भन्दा ठुलो हुने पनि सुनिश्चित् जस्तै भएको छ। खालि त्यो ओमिक्रोनको लहर अघिल्लो (दोस्रो) लहरजस्तै ठूलो वा उस्तै हताहती गराउने हुन्छ कि केही सानो, कम क्षति गराउने हुन्छ भन्ने मात्र अहिल्यै अनुमान गरिहाल्न सकिंदैन। विगत केही दिनमा विशेष गरी सभा-सम्मेलन, बिहे, भोजमा संक्रमित भएर हप्तादिन जति पछि अस्पताल जाने, भर्ना हुने क्रम बढ्न थालेको देखिन्छ।

यो डेल्टाकै पहिलेदेखिकै अपेक्षित हिउँदे उभार हो कि यसमा केही मात्रामा ओमिक्रोनको पनि देन छ, सरकारको जिनोम सिक्वेन्सिङ अध्ययनले मात्र त्यो बताउला। तर मूल कुरो, सबै फेरि एकदम सतर्क हुनुपर्ने भयो है। बिहेबारी, भोजभतेर, सभा-सम्मेलनबाट सकेसम्म टाढै बस्नुहोला। घरबाहिर निस्केको बेलामा घरका सबै सदस्यले सकेसम्म एन-९५ वा सो सरहको मास्क हरबखत लगाउनुहोला। आफूले स्कुल पठाएका केटाकेटीहरूलाई पनि त्यसो गर्न सिकाउनुहोला। मास्क लगाउँदा, मास्कको छेउ वा तलमाथिबाट हावा ननिस्कने गरी अनुहारमा टपक्क मिल्ने मास्क मात्र लगाउनुपर्छ। त्यस्तो मास्क नभेटिएमा बरू टपक्क मिल्छ भने एन-९५ मास्क र सर्जिकल मास्क, वा सर्जिकल र कपडाको मास्क, आदि २ थरी मास्क एकैचोटी लगाउने गर्नुपर्छ। मास्कको दुई छेउमा गाँठो र मुजा पारेर लगाउँदा पनि मास्कलाई तपाईंको अनुहारमा उपयुक्त तरिकाले टपक्क बस्ने बनाउन सकिन्छ।

वातायन (भेन्टिलेशन) राम्रो नभएको बन्द कोठा वा ठाउँमा अरू व्यक्तिसँग मास्क लगाएरै पनि सकेसम्म नबस्नुहोला। सकेसम्म भेटघाट, र विशेष गरी अरु व्यक्तिसँग खानपान, बाहिर खुला ठाउँमा मात्रै गर्नुहोला। परिवारको कसैलाई सामान्य रुघा वा खोकि वा हल्का ज्वरो मात्र वा जुनसुकै कोरोनासँग मिल्न सक्ने लक्षण छ भने पनि तु पिसिआर जाँच गराउनुहोला। अनि रिपोर्ट नआउन्जेल घरका अरु कोही पनि सदस्य कार्यालय, स्कुल वा बाहिर कतै नजानुहोला।

यदि घरको १ जनाको मात्र पिसिआर पोजिटिव देखियो भने पनि पोजिटिव हुने त छुट्टै बस्नै पर्‍यो, बाँकि अरुले पनि क्वारन्टिनका सबै नियमको पालना सकेसम्म गर्नुहोला।

नियमः सकेसम्म सबै आफूआफू पनि छुट्टै बस्ने, एकै कोठामा बस्दा सकेसम्म मास्क लगाउने, सँगै खाना नखाने, ७-१० दिनमा पिसिआर गर्ने। कसैले खोप लगाउनुभएको छैन भने तुरुन्त सरकारले दिएको खोप लगाउन गइहाल्नुहोला। जतिसुकै महिनाका गर्भवती, स्तनपान गराउने आमा, जुनसुकै दीर्घरोग हुने वा औषधी खाने सबैले कोभिड विरुद्ध सरकारले उपलब्ध गराएको जुनसुकै खोप पनि लगाउन सुरक्षित छ, र लगाउनुपर्छ। सबैजना आफू जोगिऔं, अरुलाई जोगाऔं।

हार्दिक बधाई

प्यूठान उद्योग वाणिज्य संघको २०७८ पौष १० गते सम्पन्न २४ औं साधारण सभा तथा ११ औं अधिवेशनबाट निर्वाचित सम्पूर्ण पदाधिकारीहरुलाई हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं।


पशुपति नारायण नर्कीर्मि
अध्यक्ष


प्रमोद पोख्रेल
वरिष्ठ उपाध्यक्ष


रेशम के.सी.
प्रथम उपाध्यक्ष (वाणिज्य)


दधिराम भण्डारी
द्वितीय उपाध्यक्ष (उद्योग)


सन्देश आचार्य
महासचिव


गोबिन्दराज पोख्रेल
सह सचिव


झपेपन्द्र शर्मा
कोषाध्यक्ष

प्रेम प्रसाद पण्डित — प्रथम उपाध्यक्ष
बिनोद शाही — द्वितीय उपाध्यक्ष
शोभाराम न्यौपाने — महासचिव
केशु गिरी — सचिव
नबिन कुमार श्रेष्ठ — कोषाध्यक्ष

एवम् समस्त नेपाल निर्माण व्यवसायी संघ परिवार
जिल्ला शाखा प्यूठान

तपाइको घर तथा अफिस अफिसको साथी .......

# हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स

प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

## सडक डिभिजन कार्यालय जस्पुर प्यूठानको सुचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।

२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।

३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्रि यथाशिघ्र हटाऔं ।

४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिय मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।

५) सडक आसपास क्षेत्रमा ढुङ्गा, बालुवा, गिट्टी, ननिकालौं ।

६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।

७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

**विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।**

अनुरोधक :
**सडक डिभिजन कार्यालय जस्पुर, प्यूठान**

## कोभिड १९ बिरुद्धको खोप अभियान सम्बन्धी सूचना

कोभिड १९ बिरुद्धको खोप अभियान अन्तरगत १८ वर्ष माथिका कोभिड १९ बिरुद्धको खोप लगाउन छुट नागरिकहरुका लागि मिति २०७८ पौष २ देखि भेरोशिल खोपको पहिलो र दोस्रो मात्रा खोप सबै पालिकाको केन्द्र रहेको स्वास्थ्य संस्थाबाट संचालन हुदै आइरहेकोमा हाललाई कोभिड १९ बिरुद्धको ज्यान्सन एण्ड ज्यान्सन खोप प्राप्तीका लागि प्रदेश आपुर्ति केन्द्र संग समन्वय भईरहेकाले मिति २०७८ पौष २० गते देखि वैदेशिक रोजगारमा जाने व्याक्ति र यस अघि कोभिड बिरुद्धको कुनै खोप नलिएका १८ वर्ष माथिका नागरिकलाई ज्यान्सन एण्ड ज्यान्सन खोप पालिकाको १ स्वास्थ्य संस्थाबाट संचालन गरिने भएकाले हाललाई भेरोशिल खोपको पहिलो मात्रा लगाउने कार्य बदन्द गरि भेरोशिल खोपको दोस्रो मात्रा मात्र खोप संचालन गर्नुहुन अनुरोध छ ।

अनुरोधक
**जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान**

## भ्रुणहत्या अपराध हो

- लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
- त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
- छोरा र छोरी दुबैको जीवन सुरक्षित गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......

# राज डेकोर होम

9857821586



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ**

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बागदुला प्यूठान